आज मिति २०७८।०८।१२ गतेका दिन विहान ११.०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको ७८ औं बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री होम वहादुर राना मगरज्यूको अध्यक्षतामा गाउँपालिकाको बैठक कक्षमा बस्यो । उपस्थिति र प्रस्ताव तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री होम वहादुर राना मगर | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री गिर वहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री देउ वहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री नवराज श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री नर वहादुर पाण्डे | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री जस वहादुर सिं थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जीवन गुरुङ्ग | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री राम प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पहलमान वयलकोटी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री भगवती चेपाङ्ग | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री मिना सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री रिम माया थापा मगर | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा रेग्मी कट्टेल | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री जित वहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | | |
|---|---|---|---|
| १ | अधिवक्ता दैवी श्री वेदहरी अधिकारी | गा.पा.पा.उ [illegible] | |
| २ | इ. श्री दिलिप रवाँण | गा.पा.पा.उ [illegible] | |
| ३ | ना.सु. गोपी कोइराला | गा.पा.पा.उ [illegible] | |

**प्रस्तावहरु**

१) स्वागत् तथा शुभकामना सम्बन्धमा,

२) नीति, मापदण्ड तथा कार्याविधिहरु सम्बन्धमा,

३) विविध,

**निर्णय नं. १**

वाणिज्य विभाग अन्तर्गत वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्सावाट सरुवा भई मिति २०७८।७।१४ गते देखि यस गण्डकी गाउँपालिकामा हाजिर भई कार्यभार सम्हाल्दै आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर भण्डारीलाई आजको यस बैठकमा हार्दिक स्वागत् गर्दै उहाँको सफल कार्यकालको पुर्ण सफलताको शुभकामना व्यक्त गर्ने निर्णय गर्दछ ।

**निर्णय नं. २**

गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत विभिन्न विषयगत शाखाहरुको तर्फवाट तपसिल बमोजिमका कार्यक्रमहरुका सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा प्रस्तुत भई पेश हुन आएका देहाय बमोजिम नीति, मापदण्ड तथा कार्याविधिहरु उपर आजको यस बैठकमा दफावार रुपमा छलफल भयो । उक्त सम्बन्धमा आवश्यक संशोधन सहित कार्यालयवाट पेश भएका देहाय बमोजिमका नीति, मापदण्ड तथा कार्याविधिहरु स्वीकृत गरियो । साथै यस अघि ७६ औ बैठकमा छलफलका लागि पेश भई आएको स्वास्थ्य, कृषि तथा पशु शाखासँग सम्वन्धित कार्यविधिहरु बमोजिम कार्यान्वयनका लागि कार्यालयवाट अघि वढाईएका कार्य प्रक्रियाहरुको समर्थन गर्दै कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

१) अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७७ (प्रथम संशोधन), २०७८

२) एकल पुरुष/ लैङ्गिक अल्पसंख्यक सामाजिक सुरक्षा भत्ता सञ्चालन कार्यविधि, २०७८

३) गण्डकी गाउँपालिका सिमान्तकृत (चेपाङ्ग, भुजेल, वराम, माझी) र दलित जनसमुदायको गरिवी न्युनिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन एकिकृत कार्यविधि, २०७८

४) पशु विकास कार्यक्रम कार्यविधि, २०७७ (प्रथम संशोधन) २०७८

५) कृषि विकास कार्यक्रम कार्यविधि, २०७८

६) वार्षिक एकिकृत स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

७) गण्डकी गाउँपालिका मातृ तथा वाल मृत्युदर घटाउनको लागि आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

८) कर्मचारीहरुलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०७८

९) महिला वालवालिका तथा जेष्ठ नागरिकका लागि वार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

१०) गण्डकी गाउँपालिका कार्यक्रम कार्यान्वयन पूस्तिका शिक्षा, २०७८/०७९

११) जे.सि.वी./ टिपर सञ्चालन सम्वन्धी कार्यविधि, २०७८

**निर्णय नं. ३**

लैङ्गिक समानता (Gender Equality) नीति, २०७८ उपर आजको यस बैठकमा दफावार छलफल गरियो । सो सम्वन्धमा कार्यालयवाट पेश भएको लैङ्गिक समानता (Gender Equality) नीति, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८/०९/२८ गतेका दिन यस गण्डकी गाउँपालिकाका अध्यक्ष श्री होम बहादुर राना मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ७९ औं बैठक गण्डकी गाउँपालिकाको कार्यालय भुम्लिचोकमा वसी प्रस्ताव हुन आएका विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गर्नको लागि देहाय वमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिति भयो ।

## उपस्थिति

| क्र.सं | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री होम बहादुर राना मगर | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री गिर बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री देउ बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री नवराज श्रेष्ठ | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री नर बहादुर पाण्डे | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री जस बहादुर सिं थापा | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री जीवन गुरुङ्ग | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री राम प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री पहलमान बयलकोटी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री भगवती चेपाङ | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री मिना सुनार | गाउँ कार्यपालिका सदस्य | ———— |
| १४ | श्री रिग माया थापा मगर | गाउँ कार्यपालिका सदस्य | रिग माया |
| १५ | श्री मिरा रेग्मी कट्टेल | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री जित बहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति :

| | | | |
|---|---|---|---|
| १. | वेदहरि अधिकारी | प्रशासन शाखा प्रमुख | |
| २. | बेली श्रेष्ठ | स्वास्थ्य शाखा प्रमुख | |
| ३. | बद्रि प्रसाद [illegible] | आर्थिक प्रशासन शाखा प्रमुख | |

४. गोपी कोइराला — योजना तथा जिन्सी शाखा प्रमुख

५. ई. दिलिप [illegible] — पूर्वाधार तथा भवन नियमन शाखाप्रमुख

६. डा. हरि प्रसाद पन्त, पशु सेवा शाखा प्रमुख
७. कृष्ण प्रसाद भट्टराई, कृषि विकास शाखा प्रमुख
८. रिता गुरुङ, सामाजिक विकास शाखा प्रमुख
९. सुकमाला राना, म.बा. तथा ज्येष्ठ नागरिक शाखा प्रमुख
१०. आस्मिता रेग्मी, राजस्व शाखा प्रमुख
११. सानीला गुरुङ, पू.प. शाखा प्रमुख
१२. नविन मगर, प्रधानमन्त्री रोजगार प्रा.के
१३. ईश्वर न्यौपाने पूर्णिमा परियोजना प्राविधिक सहजकर्ता
१४. शिव राज जोशी ,, ,, सुशासन सल्लाहकार
१५ सुदिप पन्थ, सूचना अधिकृत

**मिति २०७८।९।२८ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु**

प्रस्ताव नं. १: प्रथम पञ्च वर्षिय आवधिक योजना (२०७८/७९–२०८२/८३) र गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८, सम्बन्धमा ।

**निर्णय नं. १**

गण्डकी गाउँपालिकाको प्रथम पञ्च वर्षिय आवधिक योजना (२०७८/७९–२०८२/८३) तथा गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८, आजको यस बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त सम्बन्धमा प्रथम पञ्च वर्षिय आवधिक योजना (२०७८ ७९–२०८२/८३) तथा गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८, स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धमा ।**

**निर्णय नं. २**

आ.व. २०७७।७८ मा गण्डकी गाउँपालिकावाट सम्पादन गरिएका विकास निर्माण लगायत सेवा, सुविधा र वस्तु प्रवाहका सम्वन्धमा तोकिएका सूचक र सो को मापनका आधारमा संस्थागत क्षमता स्वमुल्यांकन गरी प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गरिएकोमा पूर्ण अंक १०० मा यस गण्डकी गाउँपालिकाले प्राप्त गरेको ६०.७५ अंक सहित जिल्ला समन्वय समितिवाट प्राप्त भएको प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई जानकारी भयो । सो सम्बन्धमा उक्त ६०.७५ अंक कायम भएको संस्थागत क्षमता स्वमूल्यांकन प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: राष्ट्रिय योजना आयोगमा पेश गरिने विशेष कार्यक्रमहरुका सम्वन्धमा ।**

**निर्णय नं. ३**

आगामी आर्थिक वर्ष २०७९।८० राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यक्रम तर्फ गण्डकी गाउँपालिका स्थित देहाय बमोजिम योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गरी राष्ट्रिय योजना आयोग समक्ष माग अनुरोध गरी पठाउने निर्णय गरियो ।

१) कम्पोष्ट मल

२) पर्यटन विकास

३) आग्रीडांडा –दलभन्ज्याँङ्ग –रानीश्वाँरा –वतासे भन्ज्याङ्ग सडक

४) फिस्लिङ्ग – आग्रीडांडा –भुम्लीचोक –भैरवीटार सडक

५) सिउरेनीटार वडा नं. ८ र वडा नं. ७ वडा कार्यालय, चुर्लिङ्ग हुदै गाउँपालिका सडक

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गोरखा, गण्डकी प्रदेश, नेपाल २०७३

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४: योजना तथा कार्यक्रमहरुको निरन्तरता सम्बन्धमा ।**

निर्णय नं. ४

चालु आ.व.२०७८।७९ मा यस गण्डकी गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व. २०७९।८० मा समेत कार्यान्वयन गर्न निरन्तरता दिई प्रकिया अघि बढाउने सम्बन्धमा राष्ट्रिय योजना आयोग समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

१) मातृ मृत्यु दर तथा वाल मृत्युदर आधारभूत स्वास्थ्य सेवा कार्यक्रम
२) सिमान्तकृत -प्रजा, भुजेल, वराम माझी) र दलित समुदायको गरिवी न्यूनिकरण तथा क्षमता विकास कार्यक्रम
३) आग्रीडाँडा दलभन्ज्याङ्ग रानीश्वाँरा सडक

**प्रस्ताव नं. ५: कार्यविधिहरु सम्बन्धमा ।**

निर्णय नं. ५

कार्यालयवाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु उपर आजको यस बैठकमा पेश भई छलफल भयो । उक्त सम्वन्धमा पेश भएका देहाय वमोजिमका कार्यविधिहरु स्वीकृत गरियो ।

१) गण्डकी फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७८
२) डिपिआर छनौट कार्यविधि, २०७८
३) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्ताव नं. ६: घ्याल्चोक बेनीघाट शहरी खानेपानी योजनाको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ६

घ्याल्चोक वेनीघाट शहरी खानेपानी योजनाको लागि जग्गा व्यवस्थापन सम्बन्धमा आजको यस वैठकमा छलफल हुदां गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २३८२ मिति २०७८।९।०४ मा श्री सहरी खानेपानी तथा सरसफाई आयोजना खानेपानी तथा ढल व्यवस्थापन विभाग पानीपोखरी काठमाण्डौलाई साविक घ्याल्चोक गा.वि.स वडा नं. ९ पुरानो माझी गाउँ विरौटी भन्ने ठाउँको कि.नं. १०३ क्षेत्रफल ६७–१३–२–३ जग्गा मध्ये करिव ६ रोपनी जग्गा उपलव्ध गराउने गरी दिईएको अनुमतीको समर्थन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: कोभिड–१९ बाट प्रभावित व्यक्तिहरुलाई प्रदान गरिने राहत सम्बन्धमा ।**

निर्णय नं. ७

कोभिड–१९ बाट प्रभावित व्यक्तिहरुलाई प्रदान गरिने राहत सम्बन्धमा आजको यस वैठकमा छलफल हुदां गण्डकी गाउँपालिकालाई प्राप्त भएको जम्मा रकम रु. ४५,००,०००।–( पैतालिस लाख ) मध्ये कुल ४५० प्रभावित

व्यक्तिहरुलाई राहत पुग्ने गरी गाउँपालिकाको वड्ागत जनसंख्याको आधारमा देहाय बमोजिमको संख्यामा प्राथमिकताको आधारमा वडा समितिवाट निर्णय गराई ३ दिन भित्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

| वडा नं. | संख्या |
|---|---|
| १ | ५० |
| २ | ६७ |
| ३ | ४७ |
| ४ | ४८ |
| ५ | ६६ |
| ६ | ६६ |
| ७ | ४६ |
| ८ | ६० |
| जम्मा | ४५० |

**प्रस्ताब नं. ८: आ.व. २०७७७८ मा बाढी पहिरोबाट पूर्ण क्षति भएका ७ वटा घरहरुको पूनः निर्माण सम्वन्धमा ।**

**निर्णय नं. ८**

आ.व. २०७७७८ मा वाढी पहिरोबाट पूर्ण क्षति भएका ७ वटा घरहरुको पूनः निर्माण सम्वन्धमा आजको यस वैठकमा विषयवस्तु पेश भई छलफल हुदाँ पहिरोवाट पूर्ण रुपमा क्षति भएका घर परिवारलाई घर पून निर्माण प्रयोजनका लागि प्रति घर रु. ४००००।– (चालिस हजार) का दरले ७ घरको जम्मा रु. २८००००।– (दुई लाख असी हजार) विपद व्यवस्थापन शीर्षकवाट खर्च गर्ने गरी जिल्ला प्रशासन कार्यालय गोरखाको खातामा जम्मा गरि दिने निर्णय गरियो ।

**प्रस्ताब नं. ९: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु कार्यान्वयन सम्बन्धमा ।**

चालु आ. व. २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय वमोजिम योजनाहरु कार्यान्वयन गर्ने गरी योजना छनौट गरी तपसिल वमोजिम वजेट विनियोजन स्वीकृत गर्ने निर्णय गरियो ।

| कस. | योजनाको नाम | ठेगाना | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | खत्रीस्वाँरा साँधीखोला देखि पातिश्वाँरा चण्डिथान हुदै पातिश्वाँरा फुर्केडाँडासम्म नाला निर्माण | गण्डकी गा.पा.वडा नं. २ | ५८२७०० | |
| २ | भालडाँडा ठुलो फाँट यानी फुजेलखोला ओदालखर्क सिम्ले सडक स्तरोन्नती | गण्डकी गा.पा. वडा नं. ३ | २८८५०० | |
| ३ | भिमसेनस्थान वटुकी भैरव मन्दिर जाने वाटो | गण्डकी गा.पा. वडा नं. ४ | २००००० | |
| ४ | भडारेगाउँ जाने वाटो | गण्डकी गा.पा. वडा नं. ४ | २००००० | |
| ५ | ओदालखर्क सोलिङ्ग वाटो | गण्डकी गा.पा. वडा नं. ४ | १००००० | |
| ६ | कोटपधेरा सिडि वाटो | गण्डकी गा.पा. वडा नं. ४ | ११८४०० | |
| ७ | पुरानो गाउँ जाने वाटो | गण्डकी गा.पा. वडा नं. ४ | २००००० | |
| ८ | कौदी सिमानावाट छिरखोला सम्म नाली निर्माण | गण्डकी गा.पा. वडा नं. ४ | ४५४९०० | |
| ९ | ओदालखर्कवाट भेडावारीसम्म नाली निर्माण | गण्डकी गा.पा. वडा नं. ४ | ४००००० | |

जिन बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | पल्लोटार फिरिलिङ्ग देखि भैरवीटार सम्म सडक मर्मत तथा सरसफाई | गण्डकी गा.पा. वडा नं. ६ | ११५४०० | |
| ११ | तोरीश्वाँरा सिढि वाटो निर्माण | गण्डकी गा.पा. वडा नं. ८ | ३००००० | |
| १२ | रोटेपिङ्ग वरफेदी नाला निर्माण | गण्डकी गा.पा. वडा नं. ८ | ९००००० | |
| १३ | वेनीगाउँ सिढि वाटो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | ३००००० | |
| १४ | वासेगाउँ साईटोल नाला मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | ३००००० | |
| १५ | वेनीवेसी वेनीटार गोरेटो वाटो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | २००००० | |
| १६ | वाल्टार धवादी वाटो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | २००००० | |
| १७ | सिन्दुरे अम्बोटे गोरेटो वाटो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | ३००००० | |
| १८ | कुनागाउँ पहिरो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | ४००००० | |
| १९ | आँपगैरा चैनपुर गोरेटो वाटो मर्मत | गण्डकी गा.पा. वडा नं. ८ | १५८१०० | |

**प्रस्ताव नं. १०: उपभोक्ता समिति मार्फत काम गराउने सम्बन्धमा ।**

निर्णय नं. १०

गण्डकी गाउँपालिका वडा नं. ४ मा निर्माण गर्ने गरी आठौ गाउँ सभावाट स्वीकृत भएको आधारभुत स्वास्थ्य ईकाइ निर्माण निरन्तरता योजना सरकारी कार्यालय भएको भएतापनि स्थानीय स्तरवाट उल्लेख्य जनश्रम जुटाई निर्माण गर्न उत्साह देखाएको हुदाँ उक्त निर्माण कार्य जनसहभागिता जुटाई उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: बालकी सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।**

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर आजको यस वैठकमा छलफल हुदाँ गण्डकी गाउँपालिका वडा नं. ६ स्थित सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण प्रयोजनका लागि गण्डकी गाउँपालिका वडा नं. ६ साविक भुम्लीचोक गा.वि.स. वडा नं. ८ निवासी श्री पूर्ण वहादुर राना मगरले निशुल्क जग्गा प्रदान गर्नु भएकोमा निजलाई धन्यवाद दिदै निम्न वमोजिम विवरण अनुसार निशुल्क जग्गा प्राप्तिको लागि निर्णय गर्न सरकारी कार्यालयको लागि जग्गा प्राप्ति समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

| क.स. | निशुल्क जग्गा दिने व्यक्तिको नाम थर | जग्गा धनीको स्थायी ठेगाना | जग्गा भएको साविक गा.वि.स. र वडा नं. | कित्ता नं. | क्षेत्रफल | कि.का हुने । नहुने | कि.का हुने तर्फ | प्राप्त हुने क्षेत्रफल | जग्गा प्राप्ती गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पूर्ण वहादुर राना मगर | साविक भुम्लीचोक गा.वि.स वडा नं. ८ हाल गण्डकी गा.पा वडा नं. ६ भुम्लीचोक गोरखा | भुम्लीचोक गा.विस वडा नं. ८ | १८ | ८-११-२-२ | हुने | नापी कार्यालय गोरखावाट एकिन गरिने | ०-८-०-० | वालकी सामुदायिक स्वास्थ्य इकाइ गण्डकी गा.पा. ६ वालकी गोरखा |
| | | | | | | | | | |

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. १२ विद्यालय विदा गर्ने सम्बन्धमा**

निर्णय नं. १२

कोभिड– १९ को संक्रमणलाई मध्यनजर गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७८।९।२८ मा जारी गरेको वार्षिक विदामा मिलान गर्ने गरी २०७८ साल माघ १५ गते सम्म विद्यालय वन्द गर्ने विज्ञप्ती वमोजिमनै यस गण्डकी गाउँपालिका स्थित सवै विद्यालयहरु मिति २०७८।१० १५ गते सम्म वार्षिक विदामा मिलान गर्ने गरी विद्यालय वन्द गर्ने र नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरे बमोजिम स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: वेली वृज निर्माणका लागि आवश्यक रातो माटो उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णय नं. १३

गण्डकी गाउँपालिका वडा नं. १ मकैसिं वुट्टार र ईच्छाकामना गाउँपालिका वडा नं. ३ चुमखोला चितवन जोड्ने त्रिशुली नदी माथि निर्माण गरिने वेलीवृज निर्माण गर्ने प्रयांजनका लागि आवश्यक पर्ने करिब ३०० घ.मी. रातोमाटो गण्डकी गा.पा. वडा नं. १ स्थित मकैसिं रातमाटे क्षेत्र भित्रको उपयुक्त स्थानवाट उपलब्ध गरी पाउं भनि उक्त वेलीवृज निर्माण ठेकेदार कम्पनी नेपाल इन्टरनेशनल हुवेइ वाटर रिसोर्स एण्ड हाईड्रोपावर कन्स्ट्रक्सन प्रा.लि. ललितपुरवाट माग अनुरोध भई आएकोले उक्त परिमाणको माटो सो क्षेत्रवाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: कोरोना भाईरस कोभिड–१९ संक्रमण व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १४

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको संक्रमणको चौथो लहर विस्तारै नेपाल भित्र समेत देखिन थालिसकेको छ । यस संक्रमणलाई नियन्त्रण गरी गण्डकी गाँउपालिका भित्र फैलिन नदिन र यसको प्रभावलाई कम भन्दा कम गराई आवश्यक व्यवस्थापन गर्ने सम्बन्धमा तपसिल बमोजिमका प्रक्रियाहरु अवलम्बन गर्दै जाने निर्णय गरियो ।

तपसिल

१) नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेका स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गरी २५ जना भन्दा वढी भेला भई कुनै पनि सार्वजनिक सभा, समारोह, भेला तथा निजीस्तरवाट सांस्कृतिक तथा धार्मिक कार्यकमहरु नगर्ने, नगराउने ।

२) पिसिआर तथा एण्टीजेन परिक्षणको दायरालाई वृद्धि गर्ने ।

३) भारत लगायत तेश्रो मुलक तथा कोभिड–१९ को संक्रमणवाट वढी प्रभावित क्षेत्रवाट गाउँपालिका नाका भित्र प्रवेश गर्ने जो कोहीलाई पनि तोकिएको समय अवधिसम्म आ–आफनै होम क्वारेण्टाइनमा राख्ने व्यवस्था मिलाउने ।

४) कोभिड–१९ सँग सम्वन्धित जनचेतना मूलक सामाग्रीहरुलाई विभिन्न संचार माध्यम मार्फत प्रचार प्रसारण गर्ने व्यवस्था मिलाउने ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
प्रमुख प्रशासकीय अधिकृत
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. १५: करार कर्मचारीहरुको संकेत नम्बर (क्रमसंख्या) कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १५**

यस गण्डकी गाउँपालिकावाट स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा कार्यक्रमको प्रकृति अनुसार पूर्व पेश्की लिई काम गर्नु पर्ने अवस्थामा आर्थिक प्रशासन शाखावाट अग्रिम पेश्की उपलब्ध गराउँदा सुत्रमा कर्मचारीको संकेत नं प्रविष्ट गर्नु पर्ने सिष्टम भएको तर कार्यलय भित्र विभिन्न शाखाहरुमा शाखा प्रमुख तथा कर्मचारीहरु करार समेत भएकोले त्यस्ता कर्मचारीहरुको संकेत नम्बर कायम गर्न अप्ठेरो भएको हुदाँ करार कर्मचारीहरुको कर्मचारी परिचयपत्र जारी गर्दा परिचय पत्र क्रमसंख्या जारी गर्ने र सोही कर्मचारी परिचय पत्रको क्रम संख्याको आधारमा संकेत कायम गरी पेश्की उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६: जिल्ला समन्वय समितिको मौज्दात कोष साझेदारी कार्यक्रम कार्यान्वयका लागि जिल्ला समन्वय समिति तथा स्थानीय पूर्वाधार विभाग श्रीमहल पुल्चोक ललितपुर समक्ष माग अनुरोध गरी पठाउने योजनाहरुका सम्बन्धमा ।**

**निर्णय नं. १६**

चालु आर्थिक वर्ष २०७८।७९ मा जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका , २०७५ बमोजिम जिल्ला समन्वय समिति र गाउँपालिकाको लागत साझेदारी एवं स्थानीय पूर्वाधार विभाग श्रीमहल पुल्चोक ललितपुरको अनुदान रकमवाट यस गाउँपालिका स्थित तपसिल बमोजिम योजनाहरु सञ्चालन गर्ने गरी छनौट गर्ने र उक्त योजनाहरुको लागि नियमानुसार गाउँपालिकावाट व्यहोर्नु पर्ने लागत साझेदारी रकम गाउँपालिकाको आठौ गाउँसभावाट रु. ३२०००००।– (अक्षरेपी तीन करोड वीस लाख) कम्पाउण्ड वाल सहित गाउँपालिकाको प्रशासनिक भवन र वडा नं. ६ को वडा कार्यालय भवन निर्माणका लागि र अन्य खानेपानी योजनाहरुको लागि समेत आवश्यक रकम स्वीकृत भई वजेट व्यवस्था भईसकेकोले सोही रकमवाट व्यहोर्ने गरी जिल्ला समन्वय समिति र स्थानीय पूर्वाधार विभाग श्रीमहल पुल्चोक ललितपुर समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

१) जिल्ला समन्वय समितिको मौज्दात कोष तर्फवाट लागत साझेदारीमा सञ्चालन गर्ने गरी छनौट भएका योजनाहरु

| क.स. | योजनाको नाम | ठेगाना | लागत अंक | गाउँपालिकावाट व्यहोर्ने २५ प्रतिशत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासनिक भवन तथा वडा नं. ६ को वडा कार्यालय भवन कम्पाउण्डवाल निर्माण | गण्डकी गा.पा. ६ | १८३३३८३१.०७ | ४५८३४५७७७ | |
| २ | गण्डकी गाउँपालिकाको प्रशासकीय भवन । वडा कार्यालय भवन कर्मचारी तथा सेवाग्राहीका लागि खानेपानी योजना | गण्डकी गा.पा . ६ | १५१००१४।८६ | ३७७५०३।७२ | |
| ३ | अर्यालटोल, ढाँणखोला गैरा, धिताल खहरेढाँप, सिरानटोल खानेपानी योजना | गण्डकी गा.पा. वडा नं २ ताङ्लीचोक | १४१३२०२।०५ | ३५३३००।५१ | |
| ४ | घ्यामुण्टार खानेपानी योजना | गण्डकी गा.पा. वडा नं ८ घ्याल्चोक | १५१३०६३।१३ | ३७८२६५।७८ | |
| ५ | देवकोटागाउँ खानेपानी निर्माण | गण्डकी गा.पा. वडा नं ३ ताङ्लीचोक | १०२४४२२।७७ | २५६१०५।६९ | |

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

साथै तपसिल बमोजिमका योजनाहरुका लागि सम्बन्धित योजनाहरुमा लागत साझेदारी रकम सम्बन्धित वडाहरुबाट विनियोजन गरी स्वीकृत भई सकेकोले जिल्ला समन्वय समितिको मौज्दात कोष तर्फको साझेदारी रकमबाट सञ्चालन गरि दिन अनुरोध गरी पठाउने र आवश्यक लागत अनुमान सहितका कागजातहरु तयार गरी पठाउने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जुगेपानी खानेपानी ट्याङकी निर्माण | गण्डकी गाउँपालिका वडा नं. ५ | |
| २ | रानिश्वाँरा लेक गाउँ खानेपानी योजना | गण्डकी गाउँपालिका वडा नं. ५ | |
| ३ | चाईनाघाट ज्यामीरेश्वाँरा अम्बोटे १ घर १ धारा खानेपानी योजना | गण्डकी गा.पा. वडा नं. ८ | |
| ४ | वसेरी खानेपानी निर्माण | गण्डकी गा.पा. वडा नं. ८ | |

**स्थानीय पूर्वाधार विभाग तर्फ**

| क.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | गण्डकी गाउँपालिकाको प्रशासकीय भवन तथा वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | गण्डकी गाउँपालिका वडा नं. ६ | डिपिआर तयार भई रहेको |

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत